नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक २९० २०८० साल असार १३ गते बुधबार (28 June 2023 Wednesday) मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : चुरे संरक्षणको... ३ पृष्ठमा : मोबाइल प्रयोगले बालबालिकामा ... ३ पृष्ठमा :सात वर्षपछि पाकिस्तानी ...

# सप्तरीका तीन नगरपालिका र एक गाउँपालिकाले अझै ल्याउन सकेन बजेट

**दैनिक समाचारदाता**
**राजविराज, १२ असार ।**

सप्तरीका तीन नगरपालिका र एक गाउँपालिकाले अझै बजेट ल्याउन सकेको छैन् । कानूनी व्यवस्था अनुसार अन्तिम दिन असार १० गतेभित्रै गाउँ र नगरसभा सम्पन्न गरिसक्नु पर्ने हो । तर कतै तयारी नपुगेको त कतै आन्तरिक किचलो र विभिन्न विवादका कारण जिल्लाका १८ मध्ये ४ पालिकाले अझैं आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गर्न सकेका छैनन् ।

सप्तरी सदरमुकाम रहेको राजविराज नगरपालिकाका साथै हनुमाननगर कंकालिनी नगरपालिका, कञ्चनरुप नगरपालिका र रुपनी गाउँपालिकाले अझैं बजेट ल्याउन नसकेको हो ।

मंगलबारसम्ममा १४ वटा पालिकाले नगर र गाउँसभा गरी बजेट सार्वजनिक गरिसकेका छन् । जिल्लामा पहिलो बजेट सार्वजनिक गर्ने पालिका छिन्नमस्ता गाउँपालिका बनेका छन् ।

यस्तै विष्णुपुर गाउँपालिका, तिलाठी कोइलाडी गाउँपालिका, अग्निसाइर कृष्णासवरण गाउँपालिका, राजगढ गाउँपालिका, बलान विहुल गाउँपालिका, महदेवा गाउँपालिका, तिरहुत गाउँपालिका, खडक नगरपालिका, बोदे बरसाइन नगरपालिका, सप्तकोशी नगरपालिका, शम्भुनाथ नगरपालिका, सुरुङ्गा नगरपालिका र डाक्नेश्वरी नगरपालिकाले असार १० गतेभित्रै गाउँ र नगरसभा गरिसकेका छन् ।

यता कञ्चनरुप नगरपालिकाका प्रमुख ललन गुप्ताले तोकेकै मितिमा नगरसभा सुरु गरिसकेको तथा अझैं बजेटमाथिको छलफल चलिरहेको बताएका छन् । बजेट सार्वजनिक गर्न नसकेका ती पालिकाहरुमा प्रमुख, उपप्रमुख











***बाँकी अन्तिम पृष्ठमा***

# जिल्ला निर्वाचन कार्यालय खारेज हुँदैन : अर्थमन्त्री डा महत

काठमाडौं, १२ असार (रासस) ।

अर्थमन्त्री डा प्रकाशशरण महतले जिल्ला निर्वाचन कार्यालयको स्वतन्त्र अस्तित्व कायम नै रहने स्पष्ट पार्नुभएको छ ।

प्रतिनिधिसभाको मंगलबारको पहिलो बैठकमा प्रतिपक्षी दलका सांसदहरूले उठाउनुभएको विषयमा स्पष्ट पार्दै अर्थमन्त्री डा महतले आफू लोकतन्त्र स्थापनाका लागि लडेको भन्दै आम नागरिकले निष्पक्ष र भयरहित वातावरणमा स्वतन्त्रतापूर्वक निर्वाचनमा भाग लिन पाउने मान्यताप्रति सरकार विचलित नहुने बताउनुभयो ।

"हामीले निर्वाचन आयोगको स्वतन्त्रतालाई कत्ति पनि तलमाथि पार्न दिँदैनौँ । यो हाम्रो विश्वास हो", मन्त्री महतले भन्नुभयो, "जिल्ला निर्वाचन कार्यालयहरू अझ स्वतन्त्र र प्रभावकारी बनाउन पहल गरिनेछ, खारेज हुनेछैन ।"

यसअघि मंगलबारको बैठकमा नेकपा (एमाले) र राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरूले जिल्ला निर्वाचन कार्यालय खारेज गरी सिडिओ कार्यालयमातहत ल्याउने प्रस्तावको विरोध गर्नुभएको थियो । उहाँहरूको विरोधपछि बैठक १५ मिनेटका लागि स्थगित भएको थियो ।

अर्थमन्त्री महतले निर्वाचन आयोगको स्वतन्त्र अस्तित्वको पक्षमा आफूहरू अडिग रहेकाले यसमा कुनै शङ्का उत्पन्न हुन नदिन सरकारको सम्पूर्ण कोसिस रहने समेत प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले आगामी आर्थिक वर्षको बजेटमा विभिन्न कार्यालयको पुनरावलोकन गर्ने

***बाँकी अन्तिम पृष्ठमा***

# बकर इदको अवसरमा असार १४ गते सार्वजनिक बिदा

**दैनिक समाचारदाता**
**काठमाडौं, १२ असार ।**

नेपाल सरकारले असार १४ गते बिहीबारका दिन इदका अवसरमा सार्वजनिक बिदा दिएको छ ।

गृह मन्त्रालयले मंगलबार सार्वजनिक सूचना जारी गरी असार १४ गते बकर इद (ईद उल अजहा) पर्व भएकाले सार्वजनिक बिदा दिइएको जनाएको छ ।

मन्त्रालयका प्रवक्ता केदारनाथ शर्माद्वारा जारी उक्त सूचनाका अनुसार नेपाल राजपत्रमा प्रकाशित गत चैत २ को सूचनाअनुसार इस्लाम धर्मावलम्बिको पर्व बकर इद (ईद उल अजहा) भएकाले बिहीबार सार्वजनिक बिदा दिने निर्णय गरिएको छ ।

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
**आन्तरिक राजश्व विभाग**
**करदाता सेवा कार्यालय राजविराज**

## बक्यौता कर रकम दाखिला गर्ने जरुरी सुचना

**सूचना प्रकाशन मिति:-२०८०/०३/१२**

यस कार्यालय अन्तर्गत दर्ता रहेको तपशिल बमोजिमका करदाताहरुलाई कर बक्यौता दाखिला गर्न विभिन्न मितिमा पत्राचार, फोन सम्पर्क गरिसकेकोमा त्यस्ता करदाताहरुबाट हाल सम्म पनि बक्यौता रकम दाखिला गरेको नदेखिएकोले यो सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र बक्यौता रकम दाखिला गर्नुहुन वा दाखिला गरेको भए सोको प्रमाण पेश गर्नुहुन जानकारी गराईन्छ । अन्यथा आयकर ऐन २०५८ को दफा १०४ देखि १११ सम्मको तथा मु.अ.कर ऐन २०५२ को दफा २१ (१) बमोजिम कुनै वा सबै प्रावधानको हदैसम्मको प्रक्रिया अपनाई बक्यौता कर रकम असुल उपर गरिने ब्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

| क्र.सं. | करदाताको नाम | स्थायी लेखा नम्बर | ठेगाना | प्रोपाईटर (सञ्चालकको नाम) | बक्यौताको प्रकार |
|---|---|---|---|---|---|
| १. | जय मां बेष्णोदेवी कोल्ड सेन्टर | ३०१७२९२९९ | राजबिराज न.पा. ६ | उपेन्द्र प्रसाद साह | मू.अ.कर, आयकर |
| २. | शिवम ट्रेडर्स | ६०७४१५७७१ | राजबिराज न.पा. १३ | सन्जु कुमारी देवी | मू.अ.कर |
| ३. | सुपर ईटा उद्योग | ६००४७३९४९ | सुरुङ्गा न.पा. ५ | मो. अलाउद्दिन | मू.अ.कर |
| ४. | आप्रावासी कामदार हकहित संरक्षण केन्द्र | ६१३०२००९३ | राजबिराज न.पा. ७ | जितेन्द्र प्रसाद सिन्हा | मू.अ.कर |
| ५. | मिलन जेनरल स्टोर | ३००२६७२७१ | राजबिराज न.पा. ७ | महम्मद रफिक मियाँ | मू.अ.कर |
| ६. | सत्यनाम ईटा उद्योग | ६०७५०३४४७ | खडक न.पा. १ | नारायण साह तेली | मू.अ.कर |
| ७. | दिलीप एण्ड ब्रदर्श | ३००१३४८४९ | सुरुङ्गा न.पा. ४ | सचिन कुमार दास | मू.अ.कर |
| ८. | श्याम बाबा ईन्टरप्राईजेज | ६०५२०६९०४ | खडक न.पा. ७ | लिलि कुमारी अग्रवाल | मू.अ.कर |
| ९. | जे.पि. ट्रेडर्स एण्ड सप्लायर्स | ३०४३३७३८३ | तिरहुत गा.पा. १ | जय प्रकाश यादव | मू.अ.कर |
| १०. | गिता आयल ट्रेड | ३०३७९३२४३ | राजबिराज न.पा. ९ | नितु सिंह | मू.अ.कर |
| ११. | विद्यार्थी ट्रेडर्स | ३०३९१५१२२ | राजबिराज न.पा. ७ | सगिर अन्सारी | मू.अ.कर |
| १२. | कुवेर ट्रेडर्स | ३०३९१९०५० | राजबिराज न.पा. ७ | श्याम कुमार साह | मू.अ.कर |
| १३. | सप्तरी मदिरा पसल | ३०३५०३४०४ | राजबिराज न.पा. ८ | कमल प्रसाद साह | मू.अ.कर, आयकर |
| १४. | धन लक्ष्मी निर्माण सेवा | ६०७५०३४४७ | महादेवा गा.पा. ३ | रमेश कुमार यादव | मू.अ.कर |
| १५. | के के मोटर पार्टस एण्ड सेन्टर | ६०२५४६६८१ | राजबिराज न.पा. ८ | मो. फिरोज | मू.अ.कर |
| १६. | अधिकारी आयल स्टोर | ३००१३४८२३ | महादेवा गा.पा. ८ | कारी अधिकारी | मू.अ.कर |
| १७. | अवतार ईन्टरप्राईजेज | ३०४३३०७२६ | सुरुङ्गा न.पा. ४ | जसविन्दर कौर | मू.अ.कर, आयकर |
| १८. | रितिशा ट्रेडर्स एण्ड सप्लायर्स | ३०४३३४५२२ | अग्नीसाईर कृष्णासरवन गा.पा. | तेजनारायण यादव | मू.अ.कर, आयकर |
| १९. | सगरमाथा ट्रेडिङ्ग एण्ड मार्केटिङ्ग | ३०१६०१३७३ | राजबिराज न.पा. | मनोज कुमार सिंह | मू.अ.कर |
| २०. | कमल सप्लायर्स | ३०५४१४३१३ | राजबिराज न.पा. | रिया राय | मू.अ.कर |

## सम्पादकीय ....

# मदिरा र सुर्तीजन्य पदार्थको व्यापार फस्टाउँदै

कुनै चाड पर्व होस् वा खुशीको क्षण वा दुखीको पल यी सबैमा अहिले मदिरा अनिवार्य जस्तै भइसकेको छ । मानिसहरुले यी क्षणमा मदिरालाई प्राय अनिवार्य नै गरिसकेका छन् । कसै कसैले मदिरा सेवन गर्नबाट आफूलाई बन्देज समेत गरेका छन् । तर अधिकांश भोजभतेरमा मदिरा खनिवार्य नै भइसकेको छ । यसका साथ साथै सूर्तीजन्य पदार्थ पनि मिसिएको छ । यो पनि बानी नै भइसको छ ।

अहिले मदिरा र सूर्तीजन्य पदार्थ प्राय सबै उमेर समूहका व्यक्तिले सेवन गरेको पाइन्छ । मदिरा र सूर्तीजन्य पदार्थ स्वास्थ्यका लागि हानिकारक हो भन्ने बुझ्दा बुझ्दै पनि यसको सेवन अधिकांश रुपले बढेर गएको छ । यता सप्तरी जिल्लामा अवैध रक्सीको कारोबार फस्टाउँदै गएको छ । सिल प्याक रक्सीमा बढी खर्च हुने र स्थानीय तहमा निर्माण गरिएको रक्सीमा कम मूल्यमा उपलब्ध हुने भएका कारण पनि स्थानीय स्तरमा उत्पादन भएको रक्सीमा सेवनकर्ताहरुको चासो बढ्दै गएको छ । सस्तो दरमा रक्सीको बिक्रीबितरण गर्ने यस्ता व्यापारीहरुको संख्या दिनप्रतिदिन बढ्दै गएको छ । रक्सीको नाममा बिष बेच्नेहरु मोटाउनेछन् भने धेरै एकल महिला बन्ने र बालबालिका टुहुरो बन्दै जाने निश्चित भएका कारण यसप्रति सम्बन्धित निकायको ध्यान जानु आवश्यक छ ।

तसर्थ सरकारले मदिरा र सूर्तीजन्य पदार्थमा हरेक वर्ष मुल्य बढाएपनि यसको बिक्रि भने झनै बढ्दै गएको छ । यता मुल्य बढाएपनि सरकारलाई यी पदार्थबाटै बढी कर आउने गरेको छ । यसर्थ यस्ता पदार्थ सेवनकर्ताले आफ्नो स्वास्थ्यको समेत ख्याल गरि कुलतबाट छुटकारा पाउनका लागि ध्यान दिनु आवश्यक छ ।

# चुरे संरक्षणको खाँचो

**डा विजयकुमार सिंह**

काठमाडौँ, १२ असार (रासस) ।

नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७१ असार २ को निर्णयनुसार चुरे क्षेत्र भूभौगर्भिक रूपमा कमजोर, धेरै पानी पर्ने र जलाधारको महत्वपूर्ण क्षेत्र, भूकम्पीय कारणबाट अति जोखिमयुक्त, जैविक विविधतामा धनी रहेको, दुर्लभ वन्यजन्तुहरूको वासस्थान, जैविक मार्गका रूपमा चुरे क्षेत्रलाई लिने गरिन्छ । नेपालको कूल भूभागको करिब १२.७८ प्रतिशत क्षेत्र ओगटेको तत्कालीन ३६ जिल्लाका (हाल नवलपरासी जिल्लालाई दुई भागमा बाँडेपछि ३७ जिल्ला) मा ५० लाख माानिसको बसोबास रहेको छ । चुरे क्षेत्र, यसको जलाधार क्षेत्र र नदी प्रणालीलाई संवेदनशील एवं जोखिमपूर्ण भौगोलिक क्षेत्र घोषणा गर्दै वातावरण ऐन २०५३ को दफा १० को उपदफा (१) बमोजिम वातावरण क्षेत्र घोषणा गरिएको छ ।

पूर्व-पश्चिम लोकमार्ग, मदन भण्डारी लोकमार्ग र उतर-दक्षिण पहुँच मार्गहरू बनेदेखि खोरिया फँडानी गरी चुरेमा बसोबास गर्ने क्रम पनि बढ्दो छ । चुरे क्षेत्रमा लालपुर्जा नभएको र खेतीपाती गरी जग्गा उपभोग गर्नेको गाउँ बस्ती तथा घरधुरीको सूची लामो रहेको विभिन्न अध्ययनहरूले देखाएको छ । चुरेको वन जङ्गल मासेर खेतीपाती गर्ने, खुल्ला चरिचरन गर्ने गराउने, काठ र दाउराको व्यापक कटानी, वन डढेलो, बालुवा तथा गिट्टी उत्खनन आदि कामले गर्दा चुरेको पारिस्थितिकीय प्रणालीमा व्यापक क्षति पुगेको छ । वर्षाको समयमा चुरे क्षेत्रबाट गिट्टी, बालुवा बाढीले बगाएर तराईको उब्जाउ जग्गामा थुपारेर भूमि मरुभूमिका रूपमा परिणत हुँदैछ । चुरेबाट बग्ने नदीका बाढीले नदी किनारको जग्गा कटान गरेर नदीको चौडाइ पनि बढ्दो छ । तराईको तल्लो भागमा बाढीले डुबानको समस्या ल्याएको छ ।

कपिलवस्तुमा रहेको देशकै सबैभन्दा ठूलो दुई सय २५ हेक्टरमा फैलिएको मानव निर्मित अन्तरराष्ट्रिय रामसार सन्धिमा समावेश भएको जगदीशपुर तालको पानीको स्रोत वाणगङ्गा नदीको चुरे क्षेत्रमा फैलिएको जलाधार क्षेत्र नै हो । यस्तै अन्तरराष्ट्रिय रामसार सन्धिमा समावेश भएको चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रभित्र पर्ने तीन हजार २०० हेक्टरको बीस हजारी ताल र कैलालीको दुई हजार ५६३ हेक्टरमा फैलिएको घोडाघोडी ताल त झन चुरे क्षेत्रमा नै अवस्थित छ । दाङको घोराहीमा रहेको ५.५ विघा (३.७ हेक्टर) मा फैलिएको जखिरा ताल, मोरङको लेटाङमा रहेको १५ हेक्टरमा फैलिएको राजारानी तालको पानीको स्रोत पनि चुरे नै हो । चितवनका १७ वटा तालहरू, दाङको जखिरालगायत नौवटा ताल, कञ्चनपुरको वेदकोट ताल र झिमिला ताल, सुर्खेतको जजुरा ताल, सिरहा बाबा तालगायत चुरे क्षेत्रमा करिब ३५ भन्दा बढी ठूला तालतलैयाको पानीको स्रोत चुरे पहाड हो ।

यी तालतलैयाहरू सिँचाइ, खानेपानीका स्रोत, जलचर तथा विभिन्न जीवजन्तु र पशुपक्षीको बासस्थान पनि हुन् । यसबाहेक भावर र तराईमा रहेका सर्लाहीको नारही मैन ताल, बाराको हलखोरिया दह, बाँकेको खस्रे ताल, बर्दियाको तारा ताल, धनुषाको जङ्गल दह, कैलालीको पुरैना र जोखर तालगायत एक सय २० भन्दा बढी तालको पानीको स्रोत चुरे पहाड नै हो । यी ताल तलैयाहरू स्वदेशी र पाहुना चराहरूको महत्वपूर्ण वासस्थान हुनाका साथै लाखौँ हेक्टर जमिन सिञ्चित भएको छ । यी तालहरूले भावर र तराईको जमिनमुनिको पानी रिचार्ज गर्न पनि महत्वपूर्ण भूमिका खेलेको छ । एकपटक माटो, ढुङ्गा, गिट्टी, बालुवा उत्खनन गरेपछि त्यसले पारिस्थितिकीय प्रणालीमा दीर्घकालीन असर गर्दछ ।

नेपालका चितवन राष्ट्रिय निकुञ्ज, पर्सा राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जभित्र रहेका बाघ, गैँडा, हात्ती, गोहीलगायत अन्य वन्यजन्तुको खानेपानीको स्रोत खोल्साखोल्सीहरू तथा प्राकृतिक वा मानव निर्मित तालतलैयाहरूको पानीको स्रोत भनेकै चुरे हो । चितवन राष्ट्रिय निकुञ्जभित्र तथा मध्यवर्ती क्षेत्रभित्र पर्ने विसहजारी ताल, देवी ताल, नन्दन तालगायत १० वटा ताल, पर्सा राष्ट्रिय निकुञ्जभित्र मानव निर्मित रमौल प्रतापपुर ताल, बर्दिया राष्ट्रिय निकुञ्जभित्र पनि १९ वटा सानाठूला तालको पानी चुरे क्षेत्रबाट नै आउँछ । चुरेभित्र पर्ने बाँके राष्ट्रिय निकुञ्जभित्र १५ वटा खोल्साखोल्सी र मानव निर्मित आठवटा तालतलैयाको स्रोत पनि चुरे क्षेत्र नै हो । चुरे क्षेत्र नेपालको जैविक विविधताको धनी क्षेत्र हो । बाघ, गैँडा, हात्तीलगायत महत्वपूर्ण वन्यजन्तुको बासस्थान यसै चुरे र भावर क्षेत्रमा पर्दछन् ।

यसबाहेक चुरे क्षेत्रमा वा चुरेसँग जोडिएका एक सय ३६ वटा पालिकामा बसोबास गर्ने मानिसको पानीको एकमात्र स्रोत चुरे पहाड मात्र हो । हेटौँडाको माछा केन्द्रमा रहेको माछापोखरीहरूको पानीको स्रोत चुरे नै हो । हेटौँडा उपमहानगरपालिकाको ठाडो खोलामा ५० भन्दा पनि साना पोखरी निर्माण गरी व्यावसायिक रूपमा माछा उत्पादन गरी त्यहाँ महिला समूहले उदाहरणीय कार्य गरेका छन् । सिँचाइ आयोजनाहरू धनुषा र सिरहामा कमला, चितवनको खगेरी, मकवानपुर र चितवनमा पूर्वी राप्ती सिँचाइ, रौतहटमा लालवकिया सिँचाइ, बर्दियाको रिहु खोला सिँचाइ, बाँकेमा भिझगरिया नाला सिँचाइलगायतका थुप्रै साना र मध्यम खालका आयोजनाहरूको पानीको जलाधार क्षेत्र चुरे नै हो ।

चुरे क्षेत्रमा रहेका गाईघाट, सिन्धुली वाजार, हेटौंडा, चितवनको पर्सा, दाङ, देउखुरी, लम्ही, सुर्खेतजस्ता मुख्य सहर तथा अन्य साना ठूला शहरका वासिन्दाको खानेपानीका मुख्य स्रोत चुरे पहाड नै हो । चुरे पहाडको घाँच अर्थात् भावर क्षेत्रमा पूर्व-पश्चिम राजमार्गमा पर्ने काँकडभिट्टा, दमक, बिर्तामोड, उर्लावारी, झुम्का, धरान, इटहरी, कल्यानपुर, मिरचैया, लहान, गोलबजार, ढल्केबजार, बर्दिवास, लालबन्दी, हरिऔन, चन्द्रपुर, निजगढ, पथलैया, अमलेखगञ्ज, गैँडाकोट, कावासोती, दुम्कीवास, सुनवल, वुटवल, कोहलपुर, अत्तरियाजस्ता सहरमा पानीको आपूर्ति चुरे पहाडबाट नै हुने गर्दछ ।

चुरे पहाड चुरे तथा तराईमा बसोबास गर्ने नेपालको जनसङ्ख्याको ६१ प्रतिशत जनताको लागि जीवन रेखा हो । नेपालको झापादेखि कञ्चनपुरसम्म चुरे तथा तराई क्षेत्रमा बसोबास गर्ने जनताको खानेपानी र सिँचाइका लागि पानीको एकमात्र स्रोत र जलाधार क्षेत्र चुरे पहाड हो । चुरेको कमलो खुकुलो भूबनावटलेवर्षायाममा वन जङ्गलको रूखबिरुवाको सहायताले यसले आफ्नो गर्भमा वर्षाको पानी सोसेर यसले जमिनमुनिको पानी रिचार्ज गर्दछ । कतिपयले चुरे पहाड ढुङ्गा, गिट्टी, माटोले बनेको तथा वन जङ्गलले ढाकेको निर्जीव क्षेत्र लाग्दछ तर चुरे र तराईमा बासोबास गर्ने बासिन्दाका लागि चुरे आमा हो । यस वर्षको वैशाख र जेठमा ४२ डिग्री तापक्रम हुँदा जनकपुर, जलेश्वरलगायत चुरे, भावर र तराईमा चापाकलको पानी सुकेको समाचार विभिन्न मिडियाहरूमा सम्प्रेषण भएका छन् ।

हाल सञ्चालनमा रहेको क्रसर व्यवसायीको जथाभावी गिट्टी, ढुङ्गा, बालुवाको उत्खनन गरिरहेका छन् । अहिले पालिकाहरूले ढुङ्गा, गिट्टी, बालुवा निकाल्नलाई ठेक्का त दिन्छन् तर अनुगमन गर्दैनन् । ठेकेदार र क्रसर उद्योगीहरूले मापदण्डको पालना नगरी जथाभावी उत्खनन गर्दा वातावरणीय समस्या उत्पन्न भएको छ । केही पैसाको लोभमा गिट्टी, ढुङ्गा, बालुवा देशबाहिर निकासी दिने हो भने निकै जटिल अवस्था आउने निश्चित छ । चुरे, मध्यपहाड र हिमालबाट निस्कने खोलाहरू तराईमा आउँदा पैसाको लोभमा बालुवा, गिट्टीको अव्यवस्थित व्यापक दोहन गर्ने गरिएको छ । खोलामा ३० फिटभन्दा पनि गहिरो खाडल खनेर बालुवा, गिट्टीको उत्खनन गरिएको छ । यसले हजारौँ वर्षदेखि बगिरहेको जमिनमुनिको पानीको बहावलाई खल्बल्याइदिएको छ । यसबाट भावर र तराई क्षेत्रमा इनार र चापाकलमा खानेपानीको समस्या ल्याएको छ ।

केही क्रसर उद्योगी र व्यापारीको मात्र हित हुने गरी ६१ प्रतिशत जनताको अहित हुने यति महत्वपूर्ण पानीको जलाधार क्षेत्र चुरेलाई दोहन हुने गरी गिट्टी ढुङ्गा, बालुवा देशबाहिर निकासी गर्न पटकपटक प्रयासहरू भइरहेका छन् । आव २०७८/८९ को बजेट वक्तव्यमार्फत तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले पनि गिट्टी ढुङ्गा, बालुवा देशबाहिर निकासी गर्न ल्याउनुभएको प्रस्तावलाई वर्तमान सत्ता साझेदार दलका नेताहरूले नै गिट्टी ढुङ्गा, बालुवा देशबाहिर निकासी गर्नु घर डढाएर खरानी बेच्नुसरह हुने भन्दै विरोध जनाउनु भएको थियो । मंगलबार उहाँहरूकै नेतृत्वको सरकारले आव २०८०/८१ सालको नीति कार्यक्रमको बुँदा नं ४२ र बजेट वक्तव्यको बुँदा नं १५७ मा उल्लेख गरिएको छ । यसमा सर्वोच्च अदालतले गिट्टी, ढुङ्गा, बालुवा निकासी अन्तरपुस्ताको सम्पत्ति भएकाले संसद्बाट ऐन बनाएर मात्र निकासी गर्ने भन्ने आदेश छ । भूटान र अस्ट्रेलियाले गिट्टी ढुङ्गा निकासी गरेको तर्क नेपालको सन्दर्भमा मेल खाँदैन । पाकिस्तानका इन्दुस नदीदेखि भारतको व्रह्मपुत्र नदीसम्मको शिवालिक भनिने पहाडमा ढुङ्गा उत्खनन त के पात त टिप्नसमेत दिइँदैन ।

चुरेबाट बगेर आएको ढुङ्गा, गिट्टी, बालुवालाई हामीले आफ्नो देशको विकास निर्माणको काममा लगाउन सकिन्छ । वातावरणीय ऐन नियम, मापदण्डको पालना गरेर ढुङ्गा, गिट्टी, बालुवा निकाल्दा पालिकाहरूका लागि यो आम्दानीको स्रोत पनि हो । यहाँको ढुङ्गा, गिट्टी, बालुवा बाहिर निकासी गर्नुको विकल्पका रूपमा चुरे क्षेत्रमा सघन रूपमा बाँस, अम्रिसो, बेल, हर्रो, बर्रो, अमला, तेजपात तथा अन्य जडीबुटीको, व्यावसायिक खेती, वन्यजन्तु तथा चराचुरुङ्गीको पालन गरी स्थानीयवासीलाई रोजगार सिर्जना गर्न सकिन्छ । चुरे क्षेत्रमा वर्षाको पानी जम्मा गरी प्रशस्त तालतलैयाबनाई माछापालन, सिँचाइ, पर्यापर्यटनको माध्यमबाट आम्दानीको स्रोत बढाउन सकिने सम्भावना छ । चुरे संरक्षण ऐन बनाएर चुरे संरक्षणको संस्थागत व्यवस्था गर्नु अहिलेको मुख्य आवश्यकता हो ।

*(लेखक चुरे विज्ञ हुनहुन्छ)*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# मोबाइल प्रयोगले बालबालिकामा एकोहोरो हुने, रिसाउने, झर्किनेजस्ता समस्या

काठमाडौँ, १२ असार (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालायले बालबालिकामा मोबाइलको प्रयोगले सर्वाङ्गीण विकासमा असर पार्ने जनाएको छ।

मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले मस्तिष्क विकास हुने अधिकतम उमेरमा मोबाइलको लत लागेमा बालबालिकाको सर्वाङ्गीण विकासमै असर पुग्ने बताउनुहन्छ। बालबालिकाले मोबाइल फोन चलाउँदा निद्रा ढिलो लाग्ने, निद्रा पातलो हुने र निद्राबाट पटक पटक ब्युँझिने समस्या देखिन सक्नेजस्ता समस्या हुनेमा जोड दिँदै उहाँले बालबालिकालाई मोबाइल फोनसँग टाढा राख्न अभिभावकलाई अनुरोध गर्नुभएको छ।

यसैगरी बालबालिकाका आमा र बुबा तथा अभिभावकलाई आफ्नो सजिलो र छिटोका लागि बालबालिकालाई मोबाइल देखाएर खानेकुरा नखुवाउनसमेत आग्रह गरिएको छ।

मोबाइल देखाएर बालबालिकालाई खाना खुवाउनाले बालबालिकाले आफूले के कुरा खाइरहेको छु, कस्तो खानेकुरा खाइरहेको छु भनेर थाहा नपाउने हुँदा पोषणसम्बन्धी समस्या र पाचन प्रणालीमा समस्यासमेत देखिन सक्ने मन्त्रालयले जनाएको छ।

मन्त्रालयले खाना खुवाउँदा अभिभावकले बालबालिकासँग कुराकानी गरेर डुलेर, गीत गाएर वा उनीहरूको हाउभाउमा प्रतिक्रिया दिँदै खुवाउन आग्रह गरेको छ।

यसैगरी मोबाइलमा लत लागेका बालबालिकामा एकोहोरो हुने, रिसाउने, झर्किने, रुने, दोहोरो कुरा नगर्नेजस्ता समस्या देखिन सक्ने बताइएको छ।

यस्तै बच्चा ठूलो भएपछि झन् खान नमान्ने वा राम्ररी नचपाई खानेकुरा छिटो निल्ने समस्या बढ्नाका साथै सुत्नुभन्दा अगाडि मोबाइल हेरेका बालबालिकामा मोबाइल स्क्रिनबाट आउने उज्जालोले निद्रा लाग्ने हार्मोन उत्सर्जनमा समस्या हुने बताइएको छ।

# बालविकास शिक्षक र विद्यालय कर्मचारीमा माग सम्बोधन गरिनेछ : मन्त्री राई

काठमाडौँ, १२ असार (रासस)।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईले सङ्घीय शिक्षा ऐन आएपछि बालविकास शिक्षक र विद्यालय कर्मचारीका सुविधासम्बन्धी सवाल सम्बोधन हुने बताउनुभएको छ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा विनियोजन विधेयक, २०८० अन्तर्गतको मन्त्रालयगत शीर्षकको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री राईले यसका लागि चार सदस्यीय वार्ता समिति गठन भइसकेको बताउनुभयो।

"सामुदायिक विद्यालयमा बालविकास शिक्षक र विद्यालय कर्मचारीको सुविधावृद्धिको मागसहित भएको आन्दोलनलाई सम्बोधन गर्न चार सदस्यीय वार्ता समिति गठन भई समस्या समाधानका लागि पहल भइरहेको र वार्ताको निष्कर्ष बमोजिम कार्यान्वयनका लागि मन्त्रालयले काम हुनेछ", उहाँले भन्नुभयो।

मन्त्री राईले विश्व परिवेशमा आएका नविनतम् आयामलाई समेटेर प्राविधिक र व्यवसायिक शिक्षा सुधारका कार्यक्रम सञ्चालन गरिएको बताउँदै गुणस्तरीय शिक्षाको प्रबन्धका लागि प्रविधि र शिक्षक तालिममा सुधारका कार्यक्रम सञ्चालन गरिएको पनि बताउनुभयो।

उहाँले शैक्षिक सुधार र गुणस्तरीय शिक्षाको प्रवर्द्धनका लागि तीन तहका सरकारसँगको समन्वय वृद्धि र सुशासन कायम गर्न विभिन्न कार्यक्रम र रणनीति कार्यान्वयनमा ल्याइएको पनि स्पष्ट गर्नुभयो।

मन्त्री राईले आगामी आर्थिक वर्षमा कूल बजेटको ११ दशमलव शून्य २७ प्रतिशत बजेट रहनु पर्याप्त नभए पनि उपलब्ध स्रोतको परिधिभित्र रही शैक्षिक सुधारका कार्यक्रम सञ्चालन गर्ने जनाउनुभयो।

उहाँले विद्यालय तहदेखि नै कृषि क्षेत्रमा आकर्षण दिलाउन 'सिक्दै कमाउँदै' कार्यक्रमलाई थप ५० विद्यालयमा विस्तार गरिने समेत बताउनुभयो। उहाँले विद्यालय तहबाट गणित, इञ्जिनियरिङ, विज्ञान, कलालगायतका विषयमा प्रतियोगितात्मक कार्यक्रम सञ्चालन गरिने स्पष्ट गर्नुभयो।

मन्त्री राईले त्रिभुवन विश्वविद्यालयलगायत अन्य विश्वविद्यालयमा परीक्षा प्रणाली सुधार, शैक्षिकपात्रोको कार्यान्वयन र अनुसन्धानमुखी उच्चशिक्षाका लागि पहल गरिने विश्वास व्यक्त गर्नुभयो।

उहाँले सङ्घीय शिक्षा ऐनको मस्यौदा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र अर्थ मन्त्रालयबाट सहमति प्राप्त भई यही असार ४ गते मन्त्रिपरिषद्मा पेस भएकाले चाँडै सदनमा पेस गरिने जानकारी दिनुभयो। उहाँले शिक्षक दरबन्दी मिलान र दरबन्दी थपका सम्बन्धमा काम भइरहेको र रिक्त शिक्षकको विज्ञापन प्रकाशनका लागि तयारी भइरहेको जानकारी दिनुभयो।

# किसानलाई पेन्सन उपलब्ध गराइने

काठमाडौँ, १२ असार (रासस)।

सरकारले कृषि उत्पादनको प्रवर्द्धन र किसानलाई प्रोत्साहन गर्ने उद्देश्यले किसान पेन्सनको अवधारणा अघि बढाउने भएको छ। कृषि तथा पशुपक्षी विकासमन्त्री डा बेदुराम भुसालले किसानलाई योगदानमा आधारित वर्गीकृत किसान पेन्सन योजनाको अवधारणाअघि बढाउने नीति रहेको बताउनुभयो।

प्रतिनिधिसभाको म्ंग्ल्बँरको बैठकमा कृषि मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथि छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उहाँले कृषिको आधुनिकीकरण र यसमा युवापुस्तालाई आकर्षण गर्न कार्यक्रम ल्याइने उल्लेख गर्नुभयो।

युवालाई कृषिमा आकर्षित गर्ने उद्देश्यले स्थानीय तहसँगको सहकार्यमा युवा स्टार्ट अप कार्यक्रम ल्याइएको छ र त्यसका लागि बजेट पनि विनियोजन गरिएको मन्त्री भुसालले जानकारी दिनुभयो।

राष्ट्रिय जनगणना-२०७८ का अनुसार जनसङ्ख्याको ५० दशमलव १ प्रतिशत हिस्सा कृषि, पशुपन्छ तथा मत्स्यपालन क्षेत्रमा संलग्न रहेको छ र कूल गार्हस्थ उत्पादनमा यस क्षेत्रको करिब २३ दशमलव १ प्रतिशत योगदान रहेको छ। रु ३० लाख ९१ हजार हेक्टर कूल खेतीयोग्य जमिनमध्ये १० लाख ३० हजार हेक्टर बाँझो छ भने करिब ५० प्रतिशत खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुग्नसकेको छैन। यति हुँदाहुँदै पनि मुख्य बालीको रूपमा रहेको धानको उत्पादन चालु आर्थिक वर्षमा करिब ८ प्रतिशतले वृद्धि भएको छ।

मन्त्री भुसालका अनुसार चालु आवको ९ महिनामा कृषिजन्य वस्तुको आयात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा करिब १० प्रतिशतले घटेको छ भने नेपालमा उत्पादन भई निर्यात गरिने अदुवा, चिया, कफी, अलैँची तथा छुर्पीजस्ता वस्तुको निर्यातमा उल्लेख्य वृद्धि भएको छ। सरकारले आगामी आर्थिक वर्षको लागि कृषि तथा पशुपक्षी विकास मन्त्रालयका लागि रु ५८ अर्ब ९८ करोड बजेट विनियोजन गरेको छ। किसान परिचयपत्र वितरणका लागि किसान सूचीकरण कार्य अगाडि बढाएको छ र २०७७ फागुन २२ देखि स्थानीय तहमार्फत उक्त कार्य सञ्चालन हुँदैआएको छ।

मन्त्री भुसालले हालसम्म देशभरि १० लाखभन्दा बढी किसान सूचीकृत भइसकेको जानकारी दिनुभयो। किसान परिचयपत्र वितरणको आधारमा किसान वर्गीकरणको कार्य अघि बढाउने र यसैका आधारमा कृषिसम्बन्धी सेवा सुविधा प्रदान गर्ने कार्यमा जोड दिई आगामी कार्यक्रम सञ्चालन गरिने उहाँको भनाइ छ। मन्त्री भुसालले कृषि क्षेत्रका आधारभूत सेवा सर्वसुलभ रूपमा प्रवाह गर्ने कार्यक्रम सँगसँगै राष्ट्रियस्तरमा नै किसानलाई सम्मान एवं पुरस्कृत गर्ने कार्यक्रमसमेत आगामी आर्थिक वर्षका लागि प्रस्ताव गरिएको जानकारी दिनुभयो।

कृषि तथा पशुपक्षी बीमाको प्रिमियममा अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिई उक्त प्रयोजनका लागि रु ९५ करोड छुट्याइएको र किसानलाई बीउबिजनमा अनुदान दिनका लागि बजेट विनियोजना गरिएको पनि उहाँले बताउनुभयो। मन्त्री भुसालका अनुसार चालु आवको लक्ष्य अनुसार कुल चार लाख ७८ हजार पाँच सय मेक्ट्रिकटन रासायनिक मल खरिदको सम्पूर्ण प्रक्रिया समयमै सम्पन्न गरिएको छ। त्यसमध्ये तीन लाख ५१ हजार मेक्ट्रिकटन आयात भई बिक्री वितरण भइरहेको छ र हाल ७८ हजार ४२२ मेक्ट्रिकटन मल देशभरका कृषि सामग्री कम्पनीका ४१ र साल्टट्रेडिङ कर्पोरेशनका २४ डिपोमा मौज्दात रहेको छ।

असारको अन्तसम्ममा थप ४५ हजार मेक्ट्रिकटन र साउन महिनाभित्र थप ७५ हजार मेक्ट्रिकटन रासायनिक मल प्राप्त हुने र यस वर्षको धानलाई रासायनिक मलको अभाव नहुने उहाँले सदनलाई जानकारी गराउनुभयो। उहाँले विगतमा जस्तै बजेटको सुनिश्चितता नभएर समयमा मल ल्याउनन सकिने अवस्था आगामी वर्षमा नहोस् भनेर आगामी आर्थिक वर्षको लागि रु तीस अर्ब रकम सुनिश्चित गरिएको बताउनुभयो।

त्यसैगरी रासायनिक मलको खरिद प्रक्रियालाई छिटोछरितो बनाउने विषयमा मन्त्रालयले सार्वजनिक खरिद अनुगमन कार्यालयसँगको समन्वयमा सार्वजनिक खरिद ऐनमा संशोधन गर्न प्रस्ताव गरिएको छ र मल खरिदसम्बन्धी निर्देशिकाको मस्यौदा गरी मन्त्रिपरिषद्मा पेस गर्ने क्रममा रहेको मन्त्री भुसालले जानकारी दिनुभयो।

सरकारले रासायनिक मलको खरिद तथा वितरण कार्य कृषि सामग्री कम्पनी लिमिटेड र साल्टट्रेडिङ कर्पोरेशन लिमिटेडमार्फत गर्ने गरेको छ। ती दुई संस्थाले मलको खरिद र वितरणकार्य विद्युतीय प्रणालीमा आधारित बनाएका छन्।

मन्त्री भुसालले अहिले देशैभरी गाईभैँसीमा लाग्ने एउटा सङ्क्रामक लम्पीस्किन रोग फैलिएको र यो रोग नया प्रकारको सरुवा रोग मनाङबाहेक सबै जिल्लामा देखापरेको जानकारी दिनुभयो। उक्त रोगबाट हालसम्म छ लाख ११ हजार दुई सय ९ पशु सङ्क्रमित भएका छन्। सङ्क्रमितमध्ये २१ हजार चार सय ७३ पशुको मृत्यु भएको छ भने तीन लाख ५४ हजार पाँच सय ५३ निको भएका छन् र दुई लाख ३५ हजार दुई सय १९ अहिले पनि सङ्क्रमित अवस्थामा छन्।

यस रोगको उपचार तथा रोकथामका लागि मन्त्रालयबाट सम्भव भएसम्मका सम्पूर्ण कार्य अघि बढाइएको उहाँले उल्लेख गर्नुभयो। लम्पीस्किन रोगको भ्याक्सिन नेपालमा नबन्ने भएकाले अहिले जोर्डन, तान्जानिया र टर्कीबाट भ्याक्सिन आयात गरिरहेको मन्त्री भुसालले जानकारी दिनुभयो। हालसहम्म सात लाख ३७ हजार डोज भ्याक्सिन ल्याइएको छ र २०८० असार १० गतेसम्म एक लाख ६२ हजार तीन सय ७१ पशुलाई खोप लगाइएको छ।

## विश्व समाचार

### सात वर्षपछि पाकिस्तानी क्रिकेट टोली पाकिस्तानमा खेल्ने

मुम्बई, १२ असार (रासस/रासस/एएफपी)।

सात वर्षपछि पाकिस्तानी क्रिकेट टोली भारती भूमिमामा खेल्ने भएको छ। भारतले सात वर्षपछि पहिलो पटक ५० ओभरको विश्वकप खेलका लागि पाकिस्तानको क्रिकेट टोलीलाई स्वागत गर्ने भएको छ। अन्तरराष्ट्रिय क्रिकेट काउन्सिलले मङ्गलबार यसबारे सूचना सार्वजनिक गरेको छ। "बहुप्रतीक्षित भारत-पाकिस्तानबीच प्रतिस्पर्धा आइतबार अक्टोबर १५ मा अहमदाबादमा हुने छ।

### रुसले युक्रेनमा ७७ नागरिक बन्दीलाई मृत्युदण्ड दियो : राष्ट्रसंघ

जेनेभा, १२ असार (रासस/एएफपी)।

रुसले युक्रेनमा स्वेच्छाचारी नजरबन्दमा राखिएका ७७ जना सर्वसाधारणलाई मृत्युदण्ड दिएको संयुक्त राष्ट्रसङ्घले मङ्गलबार सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख छ। युक्रेनमा संयुक्त राष्ट्रसङ्घ मानवअधिकार अनुगमन मिसनका प्रमुख माटिल्डा बोगनरले जेनेभामा पत्रकार सम्मेलनमा भन्नु भएको छ, "हामीले रुसी सङ्घले मनमानी ढङ्गले हिरासतमा राखेका ७७ जना सर्वसाधारणलाई मृत्युदण्ड दिएको विषयको सारांश दस्तावेजीकरण गरेका छौँ।"

### जापानले दक्षिण कोरियालाई व्यापारको 'सेतो सूची'मा राख्ने

टोकियो, २ असार, (रासस-एएफपी)।

जापानले आगामी जुलाईदेखि दक्षिण कोरियालाई विश्वसनीय व्यापार साझेदारहरूको सूचीमा पुनर्स्थापित गर्दैछ। सरकारले ऐतिहासिक जबरजस्ती श्रमको विवादमा सन् २०१९ मा सो सूचीबाट हटाउँन गरेको पुरानो निर्णयलाई उल्टाउँदै मङ्गलबार यस बारे जानकारी दिएको छ।

यस वर्षको शुरुमा सियोलले जापानलाई आफ्नो व्यापार "सेतो सूची" मा पुनःस्थापना गर्ने यो कदमले छिमेकीहरूबीचको सम्बन्धलाई थप न्यानो पार्ने प्रयासको पछिल्लो कदमको रूपमा लिएको छ।

दक्षिण कोरियासँगको व्यापारले जुलाई २१ देखि फास्ट ट्र्याक स्वीकृति प्रक्रियाको उपयोग गर्न सक्ने टोकियोको व्यापार मन्त्रालयले जनाएको छ। सन् १९१० देखि १९४५ सम्म कोरियाली प्रायद्वीपमा जापानले गरेको क्रूर कब्जाको तीतो सम्झनाका कारण दुई अमेरिकी सहयोगीहरूबीचको सम्बन्ध लामो समयदेखि चिसिएको छ।

सन् २०१८ मा दक्षिण कोरियाको सर्वोच्च अदालतले जापानी फर्महरूलाई जबरजस्ती श्रमका युद्धका पीडितहरूलाई क्षतिपूर्ति दिन आदेश दिएको थियो। जसको कारण जस्तालाई त्यस्तै (टिट-फर-ट्याट) आर्थिक नीति लिएको थियो। तर गत वर्ष दक्षिण कोरियाका राष्ट्रपति युन सुक येओल सत्तामा आएदेखि उहाँले उत्तर कोरियाको उक्त धम्कीलाई मध्यनजर गर्दै जापानसँगको सम्बन्धलाई द्रुत गतिमा सुदृढ पार्ने काम गर्दै आउँनु भएको छ।

मार्चमा युनले टोकियोबाट प्रत्यक्ष संलग्नताविना पीडितहरूलाई क्षतिपूर्ति दिने योजनाको शुरु गर्नु भएको थियो जुन घरेलु रूपमा अलोकप्रिय थियो तर जापानसँगको सम्बन्ध सुधार गर्न भने यसले मद्दत गरेको थियो।

त्यसबेलादेखि युन र जापानी प्रधानमन्त्री फुमियो किशिदाले अप्रिलमा युनसँग टोकियो र गत महिना किशिदाले सियोलको यात्रा गर्दै नियमित उच्चस्तरीय वार्ता पुनः शुरु गर्दै सम्बन्धलाई सुमधुर बनाउँने दिशामा अगाडि बढ्नु भएको छ।

जापानले पनि यस वर्ष दक्षिण कोरियाको लागि निर्धारित अर्धचालकहरूको लागि आवश्यक सामग्री निर्यातमा लिएको नियन्त्राणत्मक नीति हटाएको छ। त्यसैगरी सियोलले पनि जापान विरुद्ध डब्ल्युटीओमा गर्दै आएको गुनासो अन्त्य गरेको र सैन्य खुफिया-साझेदारी सम्झौतालाई सामान्य बनाउन अगाडि सरेको छ।

### युरोपेली संघद्वारा युक्रेनलाई सैन्य सहायताका लागि तीन अर्ब युरो विनियोजन

ब्रसेल्स, १२ असार (रासस/एएनआई)।

युरोपेली सङ्घ काउन्सिलले ईयु विदेश मन्त्रीले युक्रेनलाई हतियार आपूर्तिका लागि पैसा छुटचाएको उल्लेख गरेको रुसी समाचार एजेन्सी तासले जनाएको छ।

लक्जेम्बर्गमा भएको बैठकपछि ईयुका २७ सदस्य राष्ट्रका विदेश मन्त्रीले युरोपेली शान्ति सुविधामा ३.५ बिलियन युरोको बजेट बढाएर अनुमोदन गरेका छन्। साथै ब्रसेल्सले युक्रेनलाई हतियार आपूर्तिको लागि रकम विनियोजन गरेको छ।

सोमबारको विज्ञप्तिमा भनिएको छ, काउन्सिलले मंगलबार युरोपेली शान्ति सुविधाको समग्र वित्तीय सीमा सन् २०२३ मार्च २० बाट लागू हुने गरी अघिल्लो सम्झौताको आधारमा सो थप रकम वृद्धि गर्ने निर्णय गरेको छ।

"यो कार्य वित्तीय दिगोपन, सुरक्षित, शान्तिपूर्ण भविष्य सुनिश्चित गर्न, यसको विश्वव्यापी भौगोलिक दायरा, सङ्कट, द्वन्द्वलाई रोक्न र त्यसका लागि शीघ्र प्रतिक्रिया गर्ने ईयुको क्षमतालाई जोगाउनको लागि हो", विज्ञप्तिमा भनिएको छ।

# यात्रुको बिदाइ तथा स्वागतमा तीन जना मात्रै जान पाउने

काठमाडौँ, १२ असार (रासस)।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अब एउटा यात्रुको बिदाइ तथा स्वागतका लागि तीन जनामात्रै जान पाइने भएको छ।

विमानस्थलको आन्तरिक र अन्तर्राष्ट्रिय टर्मिनल भवनपरिसरमा भीडभाड बढेपछि हवाई सुरक्षा जोखिमलाई मध्यनजर गर्दै उक्त निर्णय गरिएको विमानस्थलका प्रवक्ता टेकनाथ सिटौलाले बताउनुभयो। सम्भावित हवाई सुरक्षा जोखिमलाई मध्यनजर गर्दै विमानस्थल सुरक्षा समितिले एक जनाका लागि तीन जना मात्रै जान पाउने निर्णय गरेको हो।

प्रवक्ता सिटौलाका अनुसार टर्मिनल भवनमा धेरै भीडभाड हुने गरेको र यात्रुलाई सास्ती भइरहेकाले ट्राफिक व्यवस्थापनमा समस्या भएको साथै दुर्घटनाको जोखिमसमेत बढेकाले सो निर्णय गरिएको हो। अन्तर्राष्ट्रिय टर्मिनलमा साँझदेखि राति १० बजेसम्म अत्यधिक भीड हुने गरेको छ। विभिन्न गन्तव्यमा जाने यात्रुको बिदाइमा परिवार र आफन्तको भीड लाग्छ।

अन्तर्राष्ट्रिय विमानस्थलमा तीन नेपालीसहित ३० वायुसेवा प्रदायकले अन्तर्राष्ट्रिय उडान भर्दै आएका छन्। आन्तरिकतर्फ ११ हेलिकप्टर कम्पनीसहित २० वायुसेवा प्रदायकले उडान भरिरहेका छन्।

## *सप्तरीका तीन ...*

तथा अध्यक्ष, उपाध्यक्ष चर्को द्वन्द र आन्तरिक विवाद रहेको बुझिएको छ। तर कारण भने, 'आन्तरिक तयारी' नपुगेको जनाउने गरेका छन्। कञ्चनरुप नगरपालिका प्रमुख र उपप्रमुखबीच नगरसभाको विषयलाई लिएर ठूलै विवाद देखिएको छ। नगर प्रमुख गुप्ता र उपप्रमुख मुनाकुमारी पोखरेल दुवै नेपाली कांग्रेसका हुन्। तर तालमेल नमिल्दा दुवै जना एकअर्का विरुद्ध सार्वजनिक कार्यक्रममै आरोप प्रत्यारोपमा उत्रिने गरेका छन्।

त्यस्तै, राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परविन र वडाध्यक्षहरुबीच आगामी आर्थिक वर्षको बजेटमा समावेश गर्ने विषयहरुमा विवाद देखिएपछि समयमै नगरसभा हुन सकेको छैन्।

यस्तै अवस्था हनुमाननगर कंकालिनी नगरपालिका र रुपनी गाउँपालिकाको पनि देखिएको छ। तर हनुमाननगर कंकालिनी नगरपालिकाका प्रमुख विरेन्द्र माझी र रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश यादवले आन्तरिक विवाद नभई 'आन्तरिक तयारी' नपुगेको सफाइ दिने गरेका छन्। स्थानियले भने ती पालिकाहरुमा आन्तरिक किचलोका कारण समयमा बजेट सार्वजनिक गर्न नसकेको बताइरहेका छन्।

स्थानीय तह सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ उपदफा १ बमोजिम १० असारभित्रै स्थानीय तहको बजेट सार्वजनिक गरिसक्नुपर्ने प्रावधान रहेको छ। समयमै बजेट ल्याउन नसक्ने पालिका कार्य सम्पादन मुल्यांकनमा पछि पर्ने र यसको असर ती पालिकाको बजेटमा पनि पर्ने जानकारहरु बताउँछन्।

## *जिल्ला निर्वाचन ...*

क्रममा जिल्ला निर्वाचन कार्यालयको सन्दर्भ उल्लेख गरिएको दाबी गर्नुभयो।

अर्थमन्त्री डा महतले आर्थिक मितव्ययीताका लागि कतिपय कार्यालयका सम्बन्धमा निष्कर्षमा पुग्नुपरेको भए पनि जिल्ला निर्वाचन कार्यालय 'खारेजी' भन्ने शब्दावली बजेट वक्तव्यमा पर्न गएको बताउनुभयो।

# सबै भुक्तानी असार २४ गतेभित्र गरिसक्न परिपत्र

काठमाडौँ, १२ असार (रासस)।

चालु आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा सिर्जना भएको आर्थिक दायित्वको भुक्तानी असार २४ गतेभित्र गरिसक्न महालेखा नियन्त्रक कार्यालयले सबै जिल्लाका कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका) र प्रदेश लेखा नियन्त्रक कार्यालय (प्रलेनिका) लाई परिपत्र गरेको छ।

महालेखा नियन्त्रक कार्यालयले आइतबार सबै कोलेनिका र प्रलेनिकालाई पत्र पठाउँदै असार २४ गतेपछि भुक्तानी रोक्न भनेको हो। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा आर्थिक वर्ष सकिन सात दिनअगावै सबै भुक्तानी गरिसकेर खाता बन्द गरिसक्नुपर्ने व्यवस्था छ। सोही व्यवस्थाअनुसार महालेखा नियन्त्रक कार्यालयले परिपत्र गरेको हो। प्रदेश तथा स्थानीय तहको बजेट भुक्तानी निकासाका लागि प्रयोग हुँदै आएका स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र), एकल खाता कोष प्रणाली (टिएसए) र कम्प्युटरकृत सरकारी लेखा प्रणाली (सिगास) एक हप्ताका लागि बन्द हुनेछन्।

सङ्घ, प्रदेश तथा स्थानीय तहको भुक्तानी निकासीका सम्बन्धमा परिपत्र गरिसकेको भए पनि आवको अन्त्यमा धेरै भुक्तानी हुने प्रवृत्ति रोक्न र चालु आवमा सिर्जना भइसकेको भुक्तानी दायित्व आगामी आव सर्न गएमा त्यसको व्यवस्थापनका लागि महालेखा नियन्त्रक कार्यालयको भूमिका नरहने प्रवक्ता शम्भुप्रसाद मरासिनी बताउनुहुन्छ। 'चालु आवमा भएको खर्चको भुक्तानी असार २४ गतेभित्र हुन नसकेको अवस्थामा र आगामी आवको बजेटबाट भुक्तानी गर्नुपर्ने अवस्था आइलागेमा त्यसको व्यवस्थापन कसरी हुन्छ ?' भन्ने राससको प्रश्नमा प्रवक्ता मरासिनीले सम्बन्धित कार्यालय र लेखा उत्तरदायी अधिकारी त्यसका लागि जिम्मेवार हुनुपर्ने बताउनुभयो।

"आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको व्यवस्थाअनुसार नयाँ आव सुरु हुनु सात दिनअगावै चालु आवका सबै खाता बन्द हुन्छन्। चालु आवको भुक्तानी मिलान आगामी आवको बजेटबाट गर्नुपर्ने अवस्था आएमा त्यसका लागि सम्बन्धित कार्यालय तथा लेखा उत्तरदायी अधिकारी नै जिम्मेवार हुन्छन्। यसमा महालेखा नियन्त्रक कार्यालयको भूमिका रहँदैन", उहाँले भन्नुभयो।

आवको अन्त्यमा मात्रै भुक्तानी गर्ने परिपाटीका कारण गत आव २०७८/७९ मा सात प्रदेशको मात्र करिब रु छ अर्ब बराबर भुक्तानी रोकिएको थियो। ठूलो सङ्ख्यामा बजेट भुक्तानी माग भइआएका फाइल प्रवृष्टि (इन्ट्री) गर्दा महालेखा नियन्त्रक कार्यालय तथा कोलेनिका र प्रलेनिकाको भुक्तानी प्रणालीमै समस्या देखिएको थियो। एकैपटक ठूलो सङ्ख्यामा डाटा इन्ट्री हुँदा त्यस्तो समस्या देखिएपछि भुक्तानी रोकिएको भन्दै प्रदेशले प्रेस विज्ञप्ति नै जारी गरेर भुक्तानी माग गर्दै दबाब दिएका थिए।

आर्थिक वर्षको अन्तमा हतारमा कागज मिलाउने र भुक्तानी माग्ने प्रवृत्ति पनि बढ्दो छ। वर्षान्तको खर्चमा आर्थिक अनुशासन मिचिने बढी सम्भावना हुनेहुँदा यस्तो खर्च रोकिनुपर्ने भन्दै महालेखा परीक्षकको प्रतिवेदनले हरेक वर्ष औँल्याउने गरेको छ। गत आव २०७८/७९ मा कूल बजेट खर्चको २१ प्रतिशत असार महिनामा मात्र खर्च भएको थियो। गत आवका लागि रु १६ खर्ब ४७ अर्ब ५७ करोड ६७ लाख बराबरको बजेट विनियोजन भएकोमा कूल खर्च रु १३ खर्ब नौ अर्ब ८७ करोड ४३ लाख बराबर थियो।

यस्तो खर्चमध्ये असार महिनामा मात्र रु दुई खर्ब ९ अर्ब ७५ अर्ब नौ करोड २५ लाखअर्थात् कूल खर्चको २१ प्रतिशत बराबर भुक्तानी भएको देखिन्छ। त्यस्तै असार महिनाको अन्तिम हप्तामा मात्र रु ९८ अर्ब ९९ करोड ७१ लाख ८१ हजार अर्थात् कूल वार्षिक खर्चको सात दशमलव ५६ प्रतिशत भुक्तानी भएको महालेखा परीक्षक कार्यालयको ६० औं प्रतिवेदनमा उल्लेख छ।

त्यस्तै, सरकारले वर्षान्तमा ठूलो सङ्ख्यामा रकमान्तरसमेत गर्ने गरेको देखिन्छ। गत आव २०७८/७९ मा कूल रु एक खर्ब ९६ अर्ब ४१ करोड ४८ लाख अर्थात् कूल बजेटको १२ प्रतिशत रकमान्तर गरेको थियो। महालेखा परीक्षकको ६० औं वार्षिक प्रतिवेदनअनुसार गत आवको असार महिनामा मात्र रु ८२ अर्ब ८० करोड ६७ लाख र असारको अन्तिम हप्ता मात्र रु २७ अर्ब बराबर रकमान्तर भएको थियो। रकमान्तरको यस्तो प्रवृत्ति हटाउनुपर्ने सुझाव महालेखाको प्रतिवेदनले दिएको छ।

# नागरिक उड्डयन प्राधिकरणको निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश

काठमाडौँ, १२ असार (रासस)।

उच्च अदालत पाटनले काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र (बालेन) शाहसँग स्पष्टीकरण माग गर्ने नेपाल नागरिक उड्डयन प्राधिकरणको निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको छ।

न्यायाधीशद्वय गोकर्ण डाँगी र जगदीश घिमिरेको इजलासले प्रमुख शाहसँग स्पष्टीकरण माग गर्ने नागरिक उड्डयन प्राधिकरणको जेठ ३२ गतेको निर्णय र असार १ गतेको पत्र कार्यान्वयन नगर्नु/नगराउनु यथास्थितिमा राख्नु भनी अन्तरिम आदेश दिइएको उच्च अदालत पाटनका प्रवक्ता तथा उपरजिष्ट्रार मन्दिरा शाहीले बताउनुभयो।

उहाँले भन्नुभयो, "प्रमुख शाहलाई नागरिक उड्डयन प्राधिकरणको स्पष्टीकरण माग गर्ने निर्णयलाई यसअघि कार्यान्वयन नगर्नु/नगराउनु यथास्थितिमा राख्नु भनी जारी भएको अन्तरिम आदेशलाई निरन्तरता प्रदान गरिएको हो।"

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलनजिकै नेपाल नागरिक उड्डयन प्राधिकरणको निर्माणाधीन भवन नक्सा पासविना निर्माण भइरहेको भन्दै काठमाडौँ महानगरपालिकाको नगर प्रहरीले त्यहाँको फेन्सिङ तारलगायतका सामग्री नियन्त्रणमा लिएको थियो। प्राधिकरणले विमानस्थल क्षेत्रमा अनधिकृत प्रवेश गरेको भन्दै प्रमुख शाहसँग स्पष्टीकरण माग गरेको थियो। प्राधिकरणको उक्त निर्णयविरुद्ध प्रमुख शाहले उच्च अदालत पाटनमा निवेदन दिनुभएको थियो।

यसअघि यही असार ७ गते उक्त मुद्दामा न्यायाधीश धीरबहादुर चन्दको एकल इजलासले नागरिक उड्डयन प्राधिकरणको पत्र कार्यान्वयनका लागि अल्पकालीन अन्तरिम आदेश दिँदै दुवै पक्षलाई छलफलमा बोलाएको थियो।


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

➤ मानो रोपौं, मुरी फलाऔं,
➤ खेतीयोग्य जमिन बाँझो नछोडौं,
➤ पसिना बगाऔं, समुन्नत बनौं,
➤ आफू र देशलाई परनिर्भरताबाट बचाऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु
ipay remit | CITY EXPRESS | Best Remit | PRABHU Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६


प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np